नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(प्रशासन शाखा)

☎ प्र.जि.अ.५७०१५१
ना. ५७१०५३
मु. ५७११५८
प्र. ५७३११५
प्र.जि.अ.नि. ५७०३७०

Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या : प्र./०८०/०८१
च.नं. :-

मिति २०८१/०३/०२

## जिल्ला प्रशासन कार्यालय, रुपन्देही सूचना।

- रुपन्देही जिल्लामा राष्ट्रिय परिचयपत्रको वैयक्तिक विवरण दर्ता गर्ने कार्य र तयार भई आएको राष्ट्रिय परिचयपत्र वितरण गर्ने कार्य भैरहेको व्यहोरा जानकारी नै छ।
- पछिल्लो समय सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरिए पश्चात राष्ट्रिय परिचयपत्रको वैयक्तिक विवरण दर्ता गर्ने र तयार भएको राष्ट्रिय परिचयपत्र लिन आउने ज्येष्ठ नागरिकहरुको संख्या अत्याधिक बृद्धि भएको छ।
- रुपन्देही जिल्लामा आम नागरिकहरुलाई राष्ट्रिय परिचय पत्रको सेवा पनि अन्य सेवाहरु जस्तै **'उहि दिन सेवा' (One Day Service)** उपलब्ध गराउन तथा सहज र सरल तरिकाले सेवा उपलब्ध गराउन तपसिल बमोजिमको सहजीकरण/व्यवस्था भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

**तपसिल**

- रुपन्देही जिल्ला प्रशासन कार्यालयबाट ३ वटा स्टेशनहरु, बुटवल ईलाका प्रशासन कार्यालयवाट १ वटा स्टेशन, ईलाका प्रशासन कार्यालय, मझगवाँबाट १ वटा स्टेशन गरी ३ स्थानका जम्मा ६ वटा स्टेशनहरुबाट सेवा दिदै आएकोमा जिल्ला प्रशासन कार्यालयमा २ वटा स्टेशन र बुटवल ईलाका प्रशासन कार्यालयमा १ वटा स्टेशन थप गरिसकिएको। मानपकडी ईलाका प्रशासन कार्यालय र देवदह नगरपालिकामा थप दुईवटा स्टेशनहरु यथासिघ्र थप गरिने छ। उपलब्ध जनशक्तिलाई प्रभावकारी परिचालन गर्दै अन्य पालिकास्तरमा समेत क्रमश: खटाईनेछ।
- अशक्त, अपाङ्ग, बिमारी, अरुको सहारा लिनुपर्ने र ९० वर्ष काटेका सेवा ग्राहीहरुले तत्काल राष्ट्रिय परिचयपत्र नबनाए पनि सामाजिक सुरक्षा भत्ता नरोकिने व्यवस्था भएको।
- ज्येष्ठ नागरिकहरुलाई लाईनमा बस्नु नपर्ने गरी बस्ने व्यवस्था तथा खानेपानीको प्रवन्ध गरिएको।
- राष्ट्रिय परिचयपत्रको वैयक्तिक विवरण दर्ता गर्ने कार्य बिहान ८:०० बजे बाटै शुरु गरिएको।
- जेष्ठ नागरिकको संख्या अत्याधिक बढेकोमा सो को वैज्ञानिक व्यवस्थापन गर्न तयार भएको राष्ट्रिय परिचय पत्र दिउँसो २:०० बजे पछि मात्र वितरण गर्ने गरिएको।
-

२०८१/०३/०२
(रामचन्द्र अर्याल)
सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी
**सहायक प्रमुख जिल्ला अधिकारी**